का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ पुस २०८०,
सोमबार
1 January 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३२७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## भ्रष्टाचारका काण्डहरुमा मौन कांग्रेस

तीन दिन बसेको कांग्रेस केन्द्रीय समितिको बैठकमा न कुनै शीर्ष नेताले भ्रष्टाचारको विषय उठाएको सार्वजनिक भयो न बैठकको निर्णयमा छ । जबकी कांग्रेस नेतृत्वको गठबन्धनबाट बनेको सरकार भ्रष्टाचार विरोधी अभियान चलाइरहेको दाबी गर्छ । आम नागरिक पनि भ्रष्टाचारलाई नै वर्तमान नेपाली समाजको प्रधान शत्रु मानिरहेका छन् ।



भ्रष्टाचारका काण्डहरु के कस्ता छन् भनेर उत्ताउला र झिल्के कुरामा कांग्रेसले विश्वास गर्दैन । तथ्यमा आधारित प्रचार अभियान नै चलाउने पार्टीको निर्णय छ । एनसेल वा कुनै काण्ड भनेर प्रचार गर्ने होइन कारबाही गर्ने गरी वातावरण बनाउने हो ।

■ **मीनबहादुर विश्वकर्मा**, प्रचार विभाग प्रमुख, कांग्रेस



कांग्रेस जस्तो जिम्मेवार पार्टीले सानो छाती गरेर सरकारले चलाएको भ्रष्टाचार विरोधी अभियानमा अपनत्व लिँदैन भन्ने लाग्दैन । जे जस्तो गरेता पनि त्यो जनताको मूल्यांकनमा जाने विषय हो । यसलाई यस रुपमा लिनु उपयुक्त हुन्छ ।

■ **माधव सापकोटा**, नेता, माओवादी केन्द्र



**आरके डिसी / मध्यान्ह**
काठमाडौं, १५ पुस ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक सकिएको छ । यही पुस १२ देखि १४ सम्म बसेको बैठकले समसामयिक विषय, राष्ट्रियसभा निर्वाचन, महासमिति बैठक र मन्त्रीको कामको समीक्षाका सन्दर्भमा ११ वटा निर्णय गरेको छ ।

तर, तीन दिन बसेको कांग्रेस केन्द्रीय समितिको बैठकमा न कुनै शीर्ष नेताले भ्रष्टाचारको विषय उठाएको सार्वजनिक भयो न बैठकको निर्णयमा छ । जबकी कांग्रेस नेतृत्वको गठबन्धनबाट बनेको सरकार भ्रष्टाचार विरोधी अभियान चलाइरहेको दाबी गर्छ । आम नागरिक पनि भ्रष्टाचारलाई नै बर्तमान नेपाली समाजको प्रधान सत्रु मानिरहेका छन् ।

भ्रष्टाचार बाहेकका विषयमा भने कांग्रेसले निर्णय लिएको छ । सहकारीको समस्या, संघीयता कार्यान्वयन, समुदायमा कांग्रेस, भ्रातृ संस्थाको म्याद थप, संयन्त्र गठन, मेलमिलाप दिवस र जाजरकोट भूकम्पबारे निर्णय भएको छ ।

आसन्न राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गरेर जाने कांग्रेसको निर्णय छ । पार्टी कार्यालय सानेपामा शनिबार सम्पन्न केन्द्रीय समिति बैठकले अहिलेसम्म अवसर नपाएका, पार्टीमा लामो समयसम्म काम गरेका तर पटक पटक छुटेका व्यक्तिहरु र समुदाय तथा भूगोललाई समेट्ने गरी राष्ट्रिय सभामा उम्मेदवार बनाउने मापदण्ड तय गरेको छ ।

ललितपुरको बालकुमारी घटनामा उच्चस्तरीय छानबिन समिति गठनको माग गरेको कांग्रेसले रोजगारीकै लागि विदेश जाने प्रक्रिया सम्बन्धी विवादवाट उत्पन्न आन्दोलनमा ज्यान गुमाएका परिवारका कम्तीमा एकजना सदस्यलाई स्वदेशमै उचित रोजगारी प्रदान गर्न भनेको छ ।

भ्रातृ संस्थाको तदर्थ समितिलाई फेरि ६ महिना समय अवधि थप गर्नेदेखि, संघीयतासँग सम्बन्धित कानूनहरु तत्काल निर्माण गर्नुपर्नेमा जोड दिएको कांग्रेसले मुलुकको आर्थिक अवस्थाको बारेमा सचेत आफ्नो बुझाई सार्वजनिक गरेको छ । कांग्रेसका अनुसार विगतमा संकटग्रस्त देखिएको मुलुकको आर्थिक क्षेत्रमा विस्तारै सुधारका संकेतहरू देखिन थालेका छन् । बैंकिङ प्रणालीमा तरलताको मात्रा बढे संगै कर्जाको व्याजदर क्रमशः घट्दै गएको छ । कर्जा प्रवाहमा वृद्धिसँगै घरजग्गाको कारोबारमा वृद्धि भएकोले आर्थिक क्षेत्रमा सकारात्मक संकेतहरू देखिन थालेको छ ।

कांग्रेसको सूचना, संचार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्मा आफूहरुको पार्टी पूरानो र परिपक्क पार्टी भएको बताउँछन् । त्यसकारण सुशासनको विषय पार्टीको निर्णयमा राखिएको उनको भनाई छ । सुशासन भनेकै भ्रष्टाचार नहुने भएकाले भ्रष्टाचारको परिकल्पना नै नगरेर सुशासन शब्दको प्रयोग गरिएको उनको तर्क छ ।

'भ्रष्टाचारका काण्डहरु के कस्ता छन भनेर उत्ताउला र झिल्के कुरामा कांग्रेसले विश्वास गर्दैन । तथ्यमा आधारित प्रचार अभियान नै चलाउने पार्टीको निर्णय छ' उनी भन्छन्, एनसेल वा कुनै काण्ड भनेर प्रचार गर्ने होइन कारबाही गर्ने गरी वातावरण बनाउने हो ।' »» पृष्ठ २ मा

## सुध्रिएन बालसुधार गृह

बालिग हुनु अगाडि अपराध गरेकाहरुले बालिग भइसकेपछि पनि बाल सुधार गृहमै रहेर कैद भुक्तान गर्ने कानूनी व्यवस्था छ । यस्तो व्यवस्थाका कारण बालसुधार गृहमा २६ वर्षसम्मका बन्दीहरु रहने अवस्था रहेको गृह मन्त्रालयका अधिकारीहरु बताउँछन् ।



फोटो स्रोत : मिसन टुडे न्युज

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १५ पुस ।

आइतबार बाँकेको नौवस्तास्थित बालसुधार गृहका बालबन्दीबीच विवाद र झडप भएको छ । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरलका अनुसार बैजनाथ -३, गाभरस्थित क्षेत्रीय कारागारमा रहेको बालसुधार गृहका बालबन्दीबीच झडप भएको हो । ४ भदौ २०८० मा भक्तपुरको सानोठिमीस्थित बालसुधार गृहमा झडप भएको थियो । त्यसयता समय समयमा बाल सुधार गृहको सुरक्षाका सन्दर्भमा समस्या अन्य सुधार गृहहरुमा समेत आइरहेको सरोकारवालाहरु बताउँछन् । भक्तपुरको बालसुधार गृहमा झडपमा संलग्न भएकाहरुलाई अन्य सारिएको थियो । सारिएको ठाउँमा समेत समस्या भएको कतिपयको भनाइ रहेको छ ।

सरोकारवालाहरुका अनुसार एकपछि अर्को गरी बिभिन्न ठाउँका वालसुधार गृहमा झडपका घटना दोहोरिरहेका छन् । सरकार गम्भीर भएर सुरक्षा संवेदनशिलता अपनाएको दाबी छ । सरोकारवालाहरुका अनुसार सरकारको बोली र परिस्थितिमा समानता देखिन सकिरहेको छैन ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरलका अनुसार बाँकेको नौवस्तास्थित बालसुधार गृहमा पनि १८ वर्षमाथिका बन्दीबीच शनिबार रातिदेखि झडप भएको हो । उनका अनुसार दुईवटा ब्लकका »» पृष्ठ २ मा

### छुट्टै राख्ने योजना अलपत्र

भक्तपुरको बालसुधार गृहमा समस्या आएपछि सरकारले १८ वर्ष नाघेका बन्दीलाई बालसुधार गृहमा छुट्टै राख्ने योजना सुनाएको थियो । भक्तपुरको झडपमा संलग्न भएका र त्यहाँबाट सारिएकाहरुमध्ये केही त्यस्ता बन्दीलाई छुट्टै राखिएको पनि छ । तर, सरकारले तयारी तयारी गरे अनुसारको १८ वर्ष नाघेका सबै बन्दीलाई छुट्टै राख्ने योजना अलपत्र परेको हो ।

गृह मन्त्रालयका अनुसार बाल सुधारगृहमा सबै उमेर समूह एकै ठाउँमा रहन्छन् । यही कारण बालसुधार गृहमा झडप लगायतका घटना बढेका हो । यही निष्कर्षसहित १८ वर्ष नाघेका बन्दीलाई छुट्टै राख्ने तयारी गरिएको मन्त्रालयका अधिकारीहरु बताउँछन् । तर यसका लागि आवश्यक संरचनाको व्यवस्थापन हुन बाँकी रहेकोले योजना पुर्णतः लागू हुन पनि बाँकी रहेको छ ।

बालिग हुनु अगाडि नै अपराध गरेकाहरुले बालिग भइसकेपछि पनि वाल सुधार गृहमै रहेर कैद भुक्तान गर्ने कानुनी व्यवस्था छ । यस्तो व्यवस्थाका कारण बाल सुधार गृहमा २६ वर्ष सम्मका बन्दीहरु रहने अवस्था रहेको गृह मन्त्रालयका »» पृष्ठ २ मा

## उच्चस्तरीय जाँचबुझ आयोग गठन गरिने

**शिव विक / मध्यान्ह**
काठमाडौं, १५ पुस ।

सरकारले ललितपुरको बालकुमारीमा गत १३ गते भएको घटनाकाबारेमा छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गृह मन्त्रालयलाई जाँचबुझ आयोग गठन गर्ने सम्बन्धी प्रस्ताव ल्याउन निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सोमबार बस्ने मन्त्रिपरिषद् बैठकले आयोग गठनको औपचारिक निर्णय गर्ने छ । पूर्व न्यायाधीशको अध्यक्षतामा आयोग गठन हुने छ । सत्ताको प्रमुख घटक नेपाली कांग्रेसले पनि केन्द्रीय समितिबाट निर्णय नै गरेर बालकुमारी घटनाको छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन समिति बनाइ दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउने दक्षिण कोरियामा पानी जहाज कम्पनीका लागि दिएको परीक्षमा असफल भएकाहरुले अन्य क्षेत्रमा पनि परीक्षा दिन पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका युवा र प्रहरीबीच झडप हुँदा दुई जना युवाको मृत्यु भएको थियो । मृत्यु हुनेमा वीरेन्द्र शाह र सुजन राउत थिए । उक्त घटनापछि सरकारको चर्को आलोचना भइरहेको छ ।

**बालकुमारी घटना**

रोजगारीका लागि विदेश जान पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका युवालाई सामान्य तरिकाले नियन्त्रणमा लिनुपर्नेमा प्रहरीले हातक बल प्रयोग गरेर हत्या गरेको भन्दै सरकारप्रति आक्रोस व्यक्त भइरहेको छ ।

बालकुमारी घटनाबारे अनुसन्धान गर्न गृहमन्त्रालयले शुक्रबार नै उपत्यका प्रहरी कार्यालयका डीआईजी लालमणि आचार्यको नेतृत्वमा समिति बनाएको थियो । समितिमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धानका उपअनुसन्धान निर्देशक बासु सिग्देल सदस्य रहेका छन् ।

प्रर्दशनकारीमाथि बल प्रयोग गर्ने प्रहरीकै नेतृत्वमा समिति बनाइएको भन्दै त्यो विश्वसनीय नहुने भन्दै धेरैले आलोचना गरेका थिए । मारिएका युवाका परिवारलाई उच्चस्तरीय छानबिन समितिको माग गर्दै शव बुझ्न अस्वीकार गरेका छन् । घटनाको विरोधमा उपत्यकाबाहिर »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम बजारमा आर्टिफिसियल इन्टेलिजेन्सको चुनौती

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस

ईस्वी संवतको नयाँ वर्ष २०२४ मा अन्य क्षेत्रमा जस्तै विश्व श्रम बजारमा निक्कै उथलपुथल हुने आंकलन गरिएको छ । अंग्रेजी भाषामा एआई भनेर परिचित आर्टिफिसियल इन्टेलिजेन्सको बढ्दो प्रयोगले मानव श्रमलाई व्यापक मात्रामा संकुचन गर्न सक्ने विश्लेषण अनुसन्धानकर्ताहरुको छ ।

युनिभर्सिटी अफ वेष्टर्न ओन्टेरियोका अनुसन्धानकर्ता बेरी जाहनस्टन आफ्नो अनुसन्धानमूलक लेखमा गत वर्ष सन् २०२३ को तुलनामा सन् २०२४ मा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगमा तीव्रता आउने बताउँछन् । उनले रचनात्मक प्रभावको आधारमा स्वचालित उपकरण सामग्रीहरुको निर्माण र डिजाइनमा थप प्रमुख भूमिका खेल्ने बताएका छन् । सन् २०२३ सम्म आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा भइरहेका कामको उच्चतम परिणाम सन् २०२४ मा देखिने उनको भनाइ छ। आर्टिफिसियल इन्टेलिजेन्सको विकासले रोजगार खोज्ने श्रमिकहरु र रोजगारदाताहरुले श्रम बजारको परिवर्तनशील मागहरुसँग अनुकूल हुने गरी लचिलो नीतिहरुका लागि दबाब बढाउने अनुसन्धानको आंकलन छ । कार्यस्थलमा मानव शक्ति र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगले श्रम बजार निरन्तर परिवर्तनशील चक्रमा रहेपनि एक जटिल अवस्थामा देखिने उनले बताएका छन् ।

उनले भनेका छन्, 'काम खोज्ने श्रमिक, रोजगारदाता र नीति निर्माताहरुले सन् २०२४ मा स्वचालित, आर्टिफिसियल इन्टेलिजेन्स र कार्यस्थलहरुमा डिजिटल रुपान्तरणको निरन्तर एकीकरणको जटिलता देख्न सकिने छ ।' उनले प्रविधिको विकासका कारण काम गर्न कार्यालय जाने परम्परागत शैलीमा पनि तीव्रताका साथ वृद्धि देखिने आंकलन गरिएको उल्लेख गरेका छन् ।

### प्रगतिशील र गणतान्त्रिक मञ्च सिण्डिकेट र अंग्रेजी भाषा परीक्षाको विरोधमा

**काठमाडौं / मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले वैदेशिक रोजगारमा जाने कामदारमाथिको आर्थिक भार अस्वीकार्य रहेको बताएका छन् ।

प्रमुख गन्तव्य मुलुक साउदी अरेबिया जाने नेपाली श्रमिकको भिसा प्रक्रियामा बायोमेट्रिक प्रणालीका नाममा नयाँ संयन्त्रको सिर्जना गरी विपन्न अवस्थामा रहेका श्रमिकमाथि आर्थिक भार थोपर्ने र अंग्रेजी भाषा परीक्षा अनिवार्य गरेर कामदारबाट चर्को शुल्क असुल्ने चलखेल भइरहेको भन्दै दुवै संस्थाले आपत्ति जनाएका हुन् ।

प्रगतिशील मञ्चका अध्यक्ष जनक रावल तथा महासचिव मिलन कट्टेल र गणतान्त्रिक मञ्चका कार्यबाहक अध्यक्ष प्रमेश्वर अधिकारीले छुट्टाछुट्टै विज्ञप्ति जारी »» पृष्ठ २ मा

**प्रेस विज्ञप्ति**

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च आफ्नो स्थापनाकालदेखि नै स्वच्छ, मर्यादित एवम् सुरक्षित वैदेशिक रोजगारका पक्षमा अडिग रहि व्यवसायी र कामदारका विरुद्ध हुने एकाधिकार तथा सबै प्रकारका सिण्डिकेटहरुको विपक्षमा रहेको आम वैदेशिक रोजगार व्यवसायीज्यूहरुका बीचमा सर्वविदित नै छ । विगत केही दिनयता रोजगारीका लागि प्रमुख गन्तव्य मुलुक साउदी अरयिबा मुलुक जाने नेपाली श्रमिकको भिसा प्रक्रियामा बायोमेट्रिक प्रणालीका नाममा नयाँ संयन्त्रको सिर्जना गरी विपन्न अवस्थामा रहेका श्रमिकमाथि आर्थिक भार थोपर्ने तयारीका सम्बन्धमा सार्वजनिक भएका सूचना तथा समाचारप्रति यस गणतान्त्रिक मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । कामदारको भर्ना प्रक्रियामा दृश्य वा अदृश्यरुपमा सिण्डिकेट खडा गरी आर्थिकरुपमा व्ययभार थप गर्ने, झन्झटिलो र अव्यवहारिक प्रक्रिया खडा गर्दा वैदेशिक रोजगारीमा जान बाध्य श्रमिक स्वदेशमा नै शोषित र पीडित हुनुपर्ने अवस्था उत्पन्न हुनु अनुचित भएको वास्तविकताप्रति हामी नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले पठाएको रेमिट्यान्सबाट वैदेशिक मुद्राको संचित बढाएको तथा धरमराउँदो अवस्थामा पुगेको देशको आर्थिक दुरावस्थाबाट जोगाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको अवस्थामा वैदेशिक रोजगार व्यवसायीहरुको सिण्डिकेटविरुद्धको निरन्तरताको खबरदारीलाई बेवास्ता गर्दै विभिन्न देशले आ-आफ्ना स्वार्थमा स्थापना गरिएका वा गर्न लागिएका विदेशी संस्थाप्रति नेपाल सरकार परराष्ट्र मन्त्रालय बेखबरजस्तो बनि उदासीन रहनु पनि त्यतिकै चिन्ताको विषय भएको यस मञ्चको निष्कर्ष छ । नेपालको वर्तमान सन्दर्भमा वैदेशिक रोजगार आर्थिक कूटनीतिको एक महत्वपूर्ण पक्षका रुपमा रहेकोले श्रमिकको भर्ना प्रक्रिया, लागत, स्वास्थ्य परीक्षण, तालिमजस्ता विषय नेपाल सरकारको जानकारीमा हुनुपर्नेमा आर्थिक चलखेल भइ केही व्यक्ति वा समूहको निर्देशन र कब्जामा पुगी समग्र व्यवसायको सार्वजनिक छवि धुमिल, अपारदर्शी, असुरक्षित एवम् अमर्यादित हुन जाने पनि यस मञ्चले महसुस गरेको छ ।

विगतमा विभिन्न समयमा खडा गरिएका अनावश्यक झन्झटिला र आर्थिक बोझ सिर्जना गरिरहेका संस्थाको खारेजी र आगामी दिनहरुमा वैदेशिक रोजगारसम्बन्धी नीति निर्माण गर्दा वैदेशिक रोजगार ऐन, व्यवसायीहरुसँग गहन छलफल र परामर्श भएमात्र वैदेशिक रोजगार स्वच्छ, मर्यादित, सुरक्षित एवम् व्यवस्थित हुने सत्यलाई आत्मसात गर्न सम्पूर्ण सरोकारवाला पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।


**प्रमेश्वर अधिकारी**
का.बा. अध्यक्ष
**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ पुस २०८०, सोमबार
1 January 2024, Monday

# ४ वर्षदेखि नखुलेका कोठा, जहाँ जीर्ण बन्दै छ नगरपालिकाको दुई करोडको सामान

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १५ पुस



सर्लाहीको बलरा नगरपालिका-५ स्थित श्री रामसखी मोहित सिंह जनता मावि भवनभित्रको १६ वटा कोठा ४ वर्षदेखि बन्द छ। बन्द रहेका उक्त कोठाहरुमा बलरा नगरपालिकाको झण्डै दुई करोड रुपैयाँ बराबरको सामान जीर्ण बन्दै गएको छ।

भारत सरकारको ४ करोड ४५ लाखको लागतमा २०७४ सालमा निर्माण कार्य सम्पन्न भएको सो भवनको दोस्रो तल्ला नगरपालिकाले आफ्नो कार्यालय सञ्चालन गर्नका लागि मासिकरुपमा ५४ हजार विद्यालयलाई दिने गरी सम्झौता गरेको थियो। सम्झौताअनुसार सो विद्यालयको भवनमा नगरपालिकाले दुई वर्ष आफ्नो कार्यालय सञ्चालन गरेको थियो भने पछि आफ्नै नयाँ भवनबाट कामकाज शुरु गरेपनि सामान भने विद्यालयकै कोठाहरुमा ताल्चा लगाएर राखेको छ।

विद्यालयका प्रधानाध्यापक वीरेन्द्र झाले नगरपालिकाले सम्झौताअनुसार विद्यालयलाई अहिलेसम्म एक रुपैयाँ पनि भाडा नदिएका कारण सामानसहित कोठाहरुमा ताल्चा लगाएर राखिएको बताए। उनले नगरपालिकालाई भाडा दिन र विद्यालयको कोठाहरु खाली गरिदिन पटक-पटक ताकेता गरेपनि नगरपालिकाले कुनै सुनुवाइ नगरेको दुखेसो पोखे।

बलरा नगरपालिकाका नगर प्रमुख रामाशंकर कुश्वाहाले संघीय सांसद डा. अमरेश कुमार सिंहको निर्देशनमा स्थानीयले विद्यालयको भवनबाट नगरपालिकाको सामानहरु निकाल्न नदिइरहेको बताए। उनका अनुसार कोठाहरुमा झण्डै दुई करोड रुपैयाँ बराबरको सामान रहेको छ। बन्द कोठामा रहेका टेबल, कुर्सी, सोफा, पंखालगायत अन्य सामानहरु जीर्ण बन्दै गएको छ भने कम्प्युटर, प्रिन्टर जस्ता इलेक्ट्रोनिक सामानहरु काम नलाग्ने अवस्थामा पुगेका छन्।

सांसद डा. सिंहले बलरा बजार नगरपालिकाको केन्द्रबिन्दु भएकोले नगरपालिकाको कार्यालय बलरा बजारबाट नै सञ्चालन गर्नुपर्ने स्थानीयहरुले माग गरेको बताए। उनले भने, 'जुनसुकै स्थानीय तहलाई आफ्नो केन्द्रबिन्दुबाट नै कार्यालय सञ्चालन गर्ने भनिएको छ। बलरा नगरपालिकाको केन्द्रबिन्दु बलरा बजारलाई तोकिएको छ। तर नगर प्रमुखले एकलौटी गरेर नगरपालिका क्षेत्रको अन्त्यमा पर्ने वडा नम्बर २ हथियौलबाट कार्यालय सञ्चालन गरेका छन्। त्यसैले बलरा बजारबाट नै नगरपालिकाको कार्यालय सञ्चालनको माग राख्दै स्थानीयले नगरपालिकाको सबै सामान विद्यालयको भवनबाट निकाल्न दिइरहेका छैनन्।'

विद्यालय प्रयोजनका लागि भवन निर्माण गरिएको भएपनि भवनको माथिल्लो तल्लामा विद्युत प्राधिकरण, तल्लो तल्लाको एउटा फ्ल्याटमा धुलिखेल नामक अस्पताल र विद्यालय परिसरभित्रै रहेको अर्को भवनमा राष्ट्रिय वाणिज्य बैंक सञ्चालनमा रहेको छ।

## कतारमा नेपाली युवा व्यवसायीले सञ्चालनमा ल्याए क्लब

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १५ पुस



कतारमा रात्रिकालीन व्यवसायमा सफल व्यवसायीका रुपमा स्थापित युवा व्यवसायी उत्तम गुरुङले पुनः अर्को नयाँ क्लब सञ्चालनमा ल्याएका छन्। उनले दोहाको मुटु सल्वा रोडमा रहेको जरीर बुक स्टोरको ठिक पछाडि रहेको आइभोरी इन होटलको चौथो तलामा भेल्भेट लाउन्ज एण्ड बार सञ्चालनमा ल्याएका हुन्।

अंग्रेजी नयाँ वर्षको छेको पारेर शनिबार राति एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टले केक काटेर क्लबको औपचारिकरूपमा समुद्घाटन गरेका थिए। नेपाली तथा विदेशी नागरिकको भव्य उपस्थितिबीच केक काट्दै अध्यक्ष भट्टले व्यावसायिक सफलताको शुभकामना व्यक्त गरे। भट्टले गुरुङलाई विश्वमा देखिएको चरम आर्थिक अभाव र बेरोजगारीका बीच पनि क्लब सञ्चालनमा ल्याएर दर्जनौंलाई रोजगारी प्रदान गरेकोमा धन्यवाद ज्ञापन गरे।

आफ्नो नजिकको एक अफ्रिकन साथी नेगासँग केही साझेदारी गरेर क्लब सञ्चालन गरेका सञ्चालक गुरुङले नेपालीसहित विश्वका धेरै देशका चर्चित कलाकारहरूले क्लबमा दैनिक प्रस्तुति दिने जानकारी दिँदै नेपालबाट कलाकार ल्याएर समेत मनोरञ्जन प्रदान गरिने योजना रहेको बताए।

क्लब प्रवेशमा सहजताका लागि कुनैपनि किसिमको शुल्क नलाग्ने, मेम्बरसिप कार्डको जरुरत पनि नपर्ने, तर क्लब प्रवेशका लागि २१ वर्ष कटेको र म्याद भएको कतारी आइडी कार्ड या पासपोर्ट भने आवश्यक पर्ने उनले बताए।

## 'छोपा बामरे' हिमाल आरोहण गरेर फर्कियो टोली

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १५ पुस

'भर्जिन' हिमालका रुपमा रहेको दोलखाको 'छोपा बामरे' हिमालको सफल आरोहण गरेर विगु गाउँपालिकाका अध्यक्ष सञ्जिव ओलीसहितको टोली लामाबगर फर्किएका छन्। गत पुस ९ गते हिमाल आरोहणका लागि प्रस्थान गरेका पालिका अध्यक्ष ओलीसहितको ९ सदस्यीय टोली ८ दिनपछि आइतबार लामाबगर आइपुगेका हुन्। टोलीलाई लामाबगरमा स्थानीयहरुले भव्य स्वागत गरेका छन्।

टोलीमा रहेका मध्ये ६ जना विगु गाउँपालिका अध्यक्ष सन्जिव ओली, सगरमाथा आरोही लिला बहादुर बस्नेत, निमा ग्याल्जेन शेर्पा, फुर्वा थिले शेर्पा, भविन्द्र खड्का, लाक्पागेली शेर्पा लगायत रहेका थिए।

**मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.**
**काठमाडौं जिल्ला टोखा न. पा. वडा नं. ५**

**प्रथम बार्षिक साधारण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०७**
**दोश्रो पटक प्रकाशित मिति : २०८०/०९/१६**

**आदरणीय शेयरधनि महानुभावहरु,**

यस कम्पनीको मिति २०८०/०९/०२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि यो सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम प्रकाशित गरिएको छ।

**मिति : २०८०/०९/२८ गते तदनुसार सन् २०२४ जनवरी १२ शनिबार**
**समय : बिहान १०:०० बजेदेखि**
**स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, टोखा न पा वडा नं ५ स्थित सभा हल**

**छलफलका बिषयसुचिहरु:**
**क. सामान्य प्रस्तावहरु:**
१. संचालक समितिका तर्फबाट अध्यक्षज्युबाट पेश हुने आर्थिक वर्ष २०७९/८० को बार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को आय व्यय हिसाब, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने।
३. आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आर्थिक वर्ष २०७९/०८० को नगद लाभांश वितरण नगर्ने प्रस्ताव प्रथम बार्षिक साधारण सभामा पेश गरि स्वीकृत गराउने।
५. संचालक समितिको बैठक भत्ता बारे।
६. स्वतन्त्र संचालक नियुक्ति सम्बन्धी निर्णय गर्ने।

**संचालक समितिको अनुमतिले**
**अधिवक्ता आतिस कार्की**
**कम्पनी सचिव**

**नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको**
**सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित सूचनाः २०८०/०९/१६**

मिति २०८० साल पौष महिनाको ८ गते बसेको यस नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति समय र स्थान**
**सभा हुने मिति** : २०८० साल माघ ९ गते, मंगलबार
**सभा हुने समय** : विहान १०:०० बजे
**स्थान** : नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको रजिर्ष्टडको कार्यालय, काठमाडौं जिल्ला शंखरापुर न.पा वडा नं. ४।

**छलफलको विषय :**
**(क) सामान्य प्रस्ताव**
१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपरः छलफल गरि पारित गर्ने।
२. आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा।
**(ख) विविध**

**सञ्चालक समितीको आज्ञाले**
**सञ्चालक अध्यक्ष**

## विद्यार्थीलाई पोसाक दिने समाजसेवी भट्टको घोषणा

**कपिलदेव भट्ट/मध्यान्ह**
दार्चुला, १५ पुस



दार्चुलाको महाकाली नगरपालिका वडा न. ९ पुष्करदत्त भट्टले उलेनी आधारभूत विद्यालय उलेनीका बेसहारा तथा कक्षामा राम्रो अंक ल्याउने विद्यार्थीलाई विद्यालय पोशाक, जुत्ता, कापीलगायतका सामग्री सहयोग गर्ने घोषणा गरेका छन्।

हाल रोजगारीको सिलसिलाम संयुक्त अबर इमिरेट्स (यूएई)को दुबईमा रहेका भट्टले सामाजिक सञ्जालमार्फत ती सामग्री हस्तान्तरण गर्ने घोषणा गरेका हुन्। भट्टले विगतमा पनि विद्यार्थीहरुलाई सहयोग गर्दै आएका छन्। उनले केही समयअघि राष्ट्रिय माध्यामिक विद्यालय दत्तुमा बेसहारा र कक्षामा प्रथम हुनेसहित ३३ जना विद्यार्थीलाई सहयोग गरेको उक्त विद्यालयका प्रधानाध्यापक कल्यानसिंह धामीले जानकारी दिए।

आफ्नो सानो सहयोगल धेरैलाई राहत पुग्ने भएकाले आफूले सहयोग गर्ने गरेको भट्टले बताए। उनले आफूले विदेशमा दुःख गरिरहेको भए पनि अरुलाई सहयोग गर्न पाउँदा आनान्द लाग्ने बताए।

## पिछडावर्ग महासंघ बाँकेको अध्यक्षमा महेश चौधरी

**दिनेश ठाकुर/मध्यान्ह**
नेपालगञ्ज, १५ पुस



अखिल नेपाल पिछडावर्ग महासंघ (ओबीसी) बाँकेको जिल्ला भेलाबाट महेश चौधरीको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कमिटी गठन भएको छ। महासंघको जिल्ला उपाध्यक्षमा ओमप्रकाश मौर्य, सचिवमा नन्कु यादव र सहसचिवमा दिनेश गुप्ता चयन भएका छन्।

भेलाबाट सदस्यहरूमा जियालाल यादव, रामसुहान गडरिया, रविलाल काँदु, शंकर यादव र कौशल सिंह चयन भएको महासंघका प्रदेश कमिटी सदस्य मनोज वर्माले जानकारी दिए।

भेलामा नेकपा एमाले केन्द्रीय सदस्य मोहमद हारून हलुवाईले बाँके जिल्लाको बहुसंख्यक पिछडावर्ग भएकाले यो वर्गको राजनीति र सामाजिक अधिकार तथा पहुँच स्थापितका लागि एकताको खाँचो पर्ने बताउँदै सोको अगुवाइ ओबीसीले गर्नुपर्ने बताए। उनले गाउँ बस्तीमा नागरिकलाई सचेत र संगठित बनाउने कार्य नयाँ नेतृत्वको जिम्मेवारी भएकाले सो कार्यमा जुट्नुपर्ने बताए।

### भ्रष्टाचारका

कांग्रेसका शीर्ष नेताहरु भ्रष्टाचारका विषयमा मौन रहेतापनि कांग्रेस नेतृत्वको गवठबन्धनको सरकार रहेका बेला मुलुकमा बिभिन्न प्रकृतिका भ्रष्टाचारका काण्डहरु सार्वजनिक भएका छन्। नक्कली भुटानी शरणार्थी प्रकरण, सुन काण्ड, वालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा गराएको प्रकरण, टेरामक्स प्रकरण लगायतका विषय अगाडि आएका छन्। तर, सरकारको भ्रष्टाचार विरोधी अभियानलाई गठबन्धनको नेतृत्वकर्ता दल कांग्रेसले नै अपनत्व नलिनु आश्चर्यजना भएको बताउँछन् माओवादी केन्द्रका नेता माधव सापकोटा। 'कतिपय सन्दर्भमा आफ्नै पार्टीका नेताहरु समेत मुछिएकाले कांग्रेस नरम भएको होला' उनी थप्छन्, 'कांग्रेस जस्तो जिम्मेवार पार्टीले सानो छाती गरेर सरकारले चलाएको भ्रष्टाचार विरोधी अभियानमा अपनत्व लिँदैन भन्ने लाग्दैन। जे जस्तो गरेता पनि त्यो जनाताको मुल्यांकनमा जाने विषय हो। यसलाई यस रुपमा लिनु उपयुक्त हुन्छ।' कांग्रेसले जे रुपमा लिएता पनि वर्तमान सरकार भ्रष्टाचार विरोधी अभियानमा रहेको बताउँछन् नेता सापकोटा। वर्तमन सरकारको मुख्य काम नै बिभिन्न समयमा भ्रष्टाचारका काण्डहरुमाथिको छानबिन र जुनसुकै तहको व्यक्ति भएतापनि कानुनका दृष्टिमा सबै जिम्मेवार छन भन्ने स्थापित हुन सक्नु रहेको उनको भनाइ रहेको छ।

### सुध्रिएन...

बालबन्दीबीच झडप भएको हो। झडपमा चारजना बालबन्दी घाइते भएका छन्।

एउटा ब्लकमा २३ जना र अर्को ब्लकमा ९३ जना राखिएका छन्। उनीहरूबीच ढुंगा हानाहान भएको हो। घाइतेलाई नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा भर्ना गरिएको छ।

प्रमुख जिल्ला अधिकारी पोखरलका अनुसार नौवस्तास्थित बालसुधार गृहमा १८ वर्ष उमेर समूहमाथिका विभिन्न जिल्लाका १ सय १६ जना बालबन्दी छन्। गत असोज ४ गते बाँकेकै डुडुवा -६ स्थित जयन्दु बालसुधार गृहका बालबन्दीबीच झडप हुँदा एकजनाको मृत्यु भएको थियो। घटना भयाभह हुन नदिन सुरक्षा सर्तकता थप अपनाइको छ।

### छुट्टै ..

अधिकारीहरु बताउँछन्। १८ वर्षदेखि २३ वर्ष उमेर समुहका बन्दीले वाल सुधार गृहमा सुधार गृहको नियम उल्लघन गर्ने प्रवृति बढेको निष्कर्षमा सरकार रहेको छ।

१८ वर्ष नाघेकालाई छुट्टै बाल गृहमा राख्ने र कानुनमा सुधार गरेर कारागारमै पठाउने विषयमा पनि सरोकारवाला निकायहरुका बीचमा छलफल चलिरहेको छ।

### उच्चस्तरीय...

समेत प्रदर्शन हुन थालेका छन्। आइतबार धनगढी, वीरेन्द्रनगर र दैलेखमा प्रदर्शन भएका छन्। प्रदर्शनकारीहरूले सडकमा टायर बालेर नाराबाजी गर्दै यातायात आवागमन अवरूद्ध समेत पारेका थिए।

उनीहरुले पीडितलाई न्याय दिनुपर्ने, मृतकहरुलाई सहिद घोषणा गर्नुपर्ने, अधिकार सम्पन्न उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने, गोली चलाउन आदेश दिने अधिकारीलाई कारवाही गर्नुपर्ने लगायतका माग राखेका थिए।

सरकारले बालकुमारी घटनामा कमजोरी भएको भन्दै शनिबार नै ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित, जिल्ला प्रहरी परिसर, ललितपुरका प्रमुख एसएसपी शिद्धिविक्रम शाह र ईपीएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई जिम्मेवारीबाट हटाएको थियो।

### प्रगतिशील...

गर्दै व्यवसायी र कामदारका विरुद्ध हुने एकाधिकार तथा सबै प्रकारका सिण्डिकेटहरुको विपक्षमा उभिने बताएका छन्। प्रगतिशील मञ्चले प्रतिस्पर्धाका आधारमा व्यवसाय सञ्चालन गर्न पाउने व्यवसायीको अधिकार रक्षाका लागि सीमित व्यक्तिको स्वार्थ पूर्तिका लागि खडा गरिने सिण्डिकेटका विरोधमा शसक्त प्रतिवाद गर्नुपर्नेमा जोड दिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/०८ मा दर्ता भएको **प्रा.लि. नं. २८०३६०** को **केयुर इन्टरप्राइजेज प्रा.लि.** को मिति २०८०/०९/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/१०/२८ मा दर्ता भएको **प्रा.लि.नं. १८३७४०** को **महाबल इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**माडी गाउँपालिका**
**माडी गाउँ कार्यपालिकाको कार्यालय**
**घर्तिगाउँ, रोल्पा**

**बोलपत्र आव्हान**

**पहिलो पटक प्रकाशित मिति २०८०।०९।१६**

यस माडी गाउँपालिका, रोल्पा अन्तर्गत निम्न बमोजिमको निर्माण कार्य बोलपत्रपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट e-Bid आव्हान गरिन्छ। विस्तृत जानकारी https://bolpatra.gov.np/egp/ मा उपलब्ध छ।

| खरिद नं. | कामको विवरण | ल.ई. रकम (मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम | बोलपत्र/दरभाउपत्र दस्तुर | वोलपत्र /दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| MRM/WORKS/NCB/06-2080/081 | पुलवांङधुरी युद्ध पर्यटन क्षेत्र निर्माण | ९९८९७३०/२७ | २,५०,०००/- | ३०००/- | २०८० माघ १७ गते अपरान्ह १२:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

**Karnali Province Government**
**Ministry of Industry, Tourism, Forest and Environment**
**Division Forest Office Rukum West**
**Karnali Province**

**Invitation For Electronic Sealed Quotation (IFS)**

**IFS No DFORW/SQ/Work/01/2080/081**
**Date of publication: 2080/09/16 (01-01-2024)**

1. Division Forest Office Rukum West invites electronic Sealed quotation from eligible bidders for Construction of Sibhadham Tourism infrastructure Development Musikot Municipality-04, Solabang Rukum West.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO e- GP system www.bolpatra.gov.np/egp.

| SN | Contract No. | Name Of Project | Cost Of Bid Document Nrs. | Bid Security Amount Nrs./ Validity period | Estimated Amount (without VAT & Contingencies) | Bid-Validity period |
|---|---|---|---|---|---|---|
| 1 | DFORW/SQ/Work/01/2080/081 | Construction Of Sibhadham Tourism infrastructure Development Musikot Municipality-04, Solabang Rukum West. | 1000.00 | 45,000.00 / 75 Days | 17,13,750.73 | 45 Days |
| Deadline for bid submission | | | 17- 01-2024, 12:00 hours (2080-10-03, 12:00 hrs) | | | |
| Date, Time & place of bid opening | | | 17- 01-2024, 13:00 hours (2080-10-03, 13:00 hrs) Division Forest Office Rukum West | | | |

**Divisional Forest Officer**

**Bheemdatt Municipality**
**Office of Municipal Executive**
**Kanchanpur**

**Invitation for Bid**

**(Date of Publication: 2080/09/16)**

1. Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and Location of Work | Estimated Amount (Exclusicves VAT & PS Items) | Bid Security Amount | Bid Documents Fee |
|---|---|---|---|---|
| 16/BPKM/2080/081 | Bheemdatt Stadium (Khulla Munch) Upgrading and Construction Works at ward no. 4 | NPR- 28,26,086.96 | NPR-81,250.00 | NPR- 3,000.00 |

2. Deadline for Bid Purchasing, Submission and Opening:

<table>
<tr><td colspan="2">Submission of Bid</td><td colspan="2">Opening of Bid</td><td>Revenue Account No-</td><td>0980133894500011</td><td>Bank: NMB Bank, Mahendranagar</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Name of Office</td><td colspan="2">Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur</td></tr>
<tr><td rowspan="2">17 Magh 2080</td><td rowspan="2">12:00 Noon</td><td rowspan="2">17 Magh 2080</td><td rowspan="2">13:00 PM</td><td>Deposit Account No-</td><td colspan="2">4180100303000002, Rastriya Banijya Bank, Mahendranagr</td></tr>
<tr><td>Name of Office</td><td colspan="2">Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur</td></tr>
</table>

3. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099521322, 521167) or may visit PPMO's website : http://bolpatra.gov.np/egp.

# पाँच बुँदे घोषणापत्र जारी गर्दै प्राज्ञिक भेला सम्पन्न

**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा संघ, प्रदेश तथा स्थानीय तहका भाषा, साहित्य, संगीत, ललितकला, संस्कृति, नाट्यसँग सम्बन्धित प्रज्ञा प्रतिष्ठान/परिषद्/समितिहरूको प्राज्ञिक भेला नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको छ। भेलामा तीनवटै प्राज्ञ प्रतिष्ठानका कुलपति प्रमुख अतिथि रहेका थिए ।

भेलाका प्रमुख अतिथित्रय नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले संयुक्तरूपमा भेलाको उद्घाटन गरेका थिए ।

सो अवसरमा प्रमुख अतिथि राईले नेपालका प्राज्ञहरूले देशको बहुसांस्कृतिक मूल्यलाई आत्मसात गर्दै गणतान्त्रिक प्राज्ञिक र सांस्कृतिक सत्तालाई स्थापित गर्नुपर्ने बताए । साथै प्राज्ञिक मर्यादामा आँच आउन नदिन संघ ,प्रदेश र स्थानीय तहका प्रज्ञा प्रतिष्ठानको संरचना एकआपसमा नबाझिने गरी प्राज्ञिक र सांस्कृतिक सत्तालाई बलियो बनाउनुपर्नेमा उनले जोड दिए ।

यसैगरी अर्का प्रमुख अतिथि हार्तम्छालीले प्राज्ञिक स्वायत्तताका लागि विमर्शसहित नवगठित प्रज्ञा प्रतिष्ठानका संरचनामा एकरूपता ल्याउनुपर्ने आवश्यकता रहेको बताए । उनले 'कला,साहित्य,संगीत र संस्कृतिमा सरोकारी निकायको भूमिका' विषयक अवधारणापत्र समेत प्रस्तुत गरेका थिए । त्यस्तै अर्का प्रमुख अतिथि शर्माले प्रज्ञा प्रतिष्ठानहरूले कतिपय सवालमा साझा क्यालेन्डर बनाउँदै अघि बढ्नुपर्ने जरुरी रहेको र सरकारले प्राज्ञिक मर्यादालाई नजरअन्दाज गर्न नमिल्ने बताइन् ।

भेलामा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमलनिभा' र नेपाल संगीत तथा नाटय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईको उपस्थिति थियो । भेलाको अध्यक्षता नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले गरेका थिए ।

भेलामा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदी 'श्रमिक'ले 'सांस्कृतिक क्षेत्रको विकासमा साझा प्रतिबद्धता' नामक अवधारणा प्रस्तुत गरेका थिए । उनले यसमा संवैधानिक व्यवस्था र संस्थागत अवस्था, केन्द्रीय, प्रादेशिक र स्थानीय तहका प्रज्ञा प्रतिष्ठानको संरचना र अवस्था, मर्यादाक्रम, पद र सेवासुविधा तथा सहकार्यका बारेमा अवधारणा प्रस्तुत गरेका थिए ।

भेलामा नेपाल संगीत तथा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुष्मा महरा 'प्रगति'ले स्वागत मनतव्य राखेका थिए । भेलामा उद्घोषण ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले गरेका थिए । भेलामा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य डा. मधुसूदन गिरी, डा.कृष्णराज अधिकारी, बाबा बस्नेत, डा.कौशिला रिसाल, हंसावती कुर्मी, अमर न्यौपाने, त्रैलोक्यमान बनेपाली, प्राज्ञसभा सदस्य चेतनाथ धमला, पञ्चकुमारी परियार, डा.विष्णुकुमार सिङ्जाली, प्रकाश तिवारी र डा. सूर्यप्रसाद यादव उपस्थित रहेका थिए।

यस्तै भेलामा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पाल्साङ्मो लामा, दिनेश्वर महत्तो, अरुणा हिङ्माङ, सौरगङ्गा दर्शनधारी, प्रदीप अधिकारी, सञ्जय बान्तवा, प्राज्ञसभा सदस्य कृष्णप्रकाश शाह, नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य बखतबहादुर हमाल 'सुवर्ण', हिसन समाल, डक्टर किरात, टीका पुन, प्राज्ञसभा सदस्यद्वय महेश गोदार र पुरु लम्सालको पनि उपस्थिति रहेको थियो ।

यसैगरी सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा.टीएन जोशी, गण्डकी प्रज्ञा प्रतिष्ठानका साहित्य तथा भाषा विभाग प्रमुख सुरेन्द्र गुरुङ, भरतपुर प्रज्ञा प्रतिष्ठान चितवनका उपकुलपति इन्द्रप्रसाद रेग्मी, बिर्तामोड भाषा, साहित्य, कला




प्रतिष्ठानका अध्यक्ष भगवती ढुंगेल, सुनापति प्रज्ञा प्रतिष्ठानका उपकुलपति मानबहादुर दोङ, गोदावरी साहित्य परिषद्का अध्यक्ष वशिष्ठ अधिकारी, महांकाल प्रज्ञा प्रतिष्ठानका उपाध्यक्ष रामसुन्दर केसी, नगर साहित्य कला तथा संगीत प्रतिष्ठान रोल्पाका सल्लाहकार दीप डाँगी, गल्याङ प्रज्ञा प्रतिष्ठानका कार्यवाहक अध्यक्ष चण्डिकाप्रसाद भट्टराई, गैंडाकोट प्रज्ञा प्रतिष्ठानका सदस्य रामहरि शर्मा, लालबन्दी नगर वाङ्मय परिषद्का सदस्य विप्रहरि दाहाल, बर्दघाट प्रज्ञा प्रतिष्ठानका सदस्य मन गोल्डी, पुतलीबजार प्रज्ञा प्रतिष्ठानका सदस्य डा. दीपेन्द्र पराजुली, दुधौली प्रज्ञा प्रतिष्ठानका सल्लाहकार दिल पौडेल, रत्ननगर प्रज्ञा प्रतिष्ठान चितवनका सदस्य कमल अर्याल, महालक्ष्मी नगरपालिकाको महालक्ष्मी साहित्य समाजका अध्यक्ष श्रीराम पौडेललगायतको सहभागिता रहेको थियो। उक्त भेलाले सहभागीहरूबीचको छलफल तथा सुझावपछि ५ बुँदे 'काठमाडौं प्रज्ञा घोषणापत्र २०८०' समेत जारी गरेको थियो ।

५ बुँदे घोषणापत्रमा २०८० साउन १३ गते गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखरामा सम्पन्न भएको प्रज्ञा भेलामा जारी भएको १० बुँदे घोषणापत्रलाई निरन्तरता दिँदै सो घोषणापत्रमा उल्लेख भएका विषयहरूलाई लागू गर्न पहल गर्ने, प्रदेश तथा पालिका तहका सांस्कृतिक संरचनाले भाषा, साहित्य, संगीत, नाटक, ललितकला, विज्ञान तथा प्रविधि विधालाई पनि अनिवार्यरूपमा समावेश गर्ने व्यवस्था मिलाउने, प्रदेश र पालिकातहका सांस्कृतिक संरचनाहरूको संरचनागत एकरूपता कायम गरी एकै प्रकारको कानूनी व्यवस्थासमेत कायम गर्नका लागि ऐनको मस्यौदा तयार पारी दुई महिनाभित्र तीन वटै प्रज्ञा प्रतिष्ठानका कुलपतिसमक्ष मस्यौदा पेस गर्नेगरी नेपाल संगीत तथा नाट्य-प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईको संयोजकत्वमा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदी, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा.टीएन जोशी, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य प्रदीप अधिकारी, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सुरेन्द्र गुरूङ, साहित्य, कला, संगीत, कला प्रतिष्ठान बिर्तामोडका अध्यक्ष भगवती ढुंगेल र नगर साहित्य, कला, संगीत प्रतिष्ठान रोल्पाका दीप डाँगी रहेको ७ सदस्यीय प्रदेश र पालिकातहको सांस्कृतिक संरचना ऐन मस्यौदा समिति गठन गरिएको उल्लेख छ ।

# पर्यटक भित्र्याउन पत्रकार महासंघको अभियान

**नविन विक/मध्यान्ह**
अर्घाखाँची, १५ पुस

नेपाल पत्रकार महासंघ अर्घाखाँचीले 'अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रम २०८०' गर्दैछ। 'आर्थिक विकास, पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारीका लागि' भन्ने नाराका साथ पर्यटन प्रवर्द्धन कार्यक्रम गर्ने भएको हो । माघ १ गते नेपाल प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले कार्यक्रमको उद्घाटन गर्ने कार्यक्रम रहेको छ। कार्यक्रमका लागि विभिन्न चरणका कार्यक्रमहरु गर्दै अघि बढिरहेको पत्रकार महासंघका सह-सचिव हृदय भुसालले बताए। उनले जिल्लाका सबै पालिकामा पुगेर एक चरणको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको जानकारी दिए ।

'पालिकामा पुगेर पालिकाका प्रमुखसहितको टोलीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छौं,' उनले भने 'सबै पालिका प्रमुख लगायत सरोकारवाला निकाय यो कार्यक्रमप्रति सकारात्मक देखिएका छन्, अब पौष १८ गतेसम्म जिल्लाका ६१ वटै वडामा हाम्रा सहजकर्ता पुगेर वडा अध्यक्ष लगायतसँग अन्तरक्रिया गर्नेछन् ।'

यहाँ रहेका विभिन्न पर्यटकीय क्षेत्र प्रचारप्रसारको कमीले ओझेलमा परेका छन् । अर्घाखाँचीमा रहेको सुपा देउराली मन्दिर पनि पत्रकारले गरेको प्रचारप्रसार र समाचार लेखेकै कारण आज विश्व बजारमा समेत परिचित छ । सुपा देउराली मन्दिरमा दैनिक २ हजार भन्दा धेरै पर्यटक आउँछन् । त्यहाँ घुम्न आएका पर्यटकलाई नरपानी हुँदै अर्घा दरबारसम्म ल्याउन सकेपनि पर्यटन व्यवसाय उकासिने छ। जिल्लामा यस्तै धेरै ठाउँछन् जुन अझै पर्यटकको रोजाईमा परेका छैनन् । पत्रकार महासंघले थालेको अभियानमा जिल्ला समन्वय समिति प्रमुख जीवनारायण कोइरालाले यो निकै आवश्यक कार्यक्रम रहेको बताए ।


## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी

(प्रकाशित मितिः २०८०/०९/१६)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो शिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी गरिन्छ ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | Upgrading of different Section of Road within Ward No.10 BELMUN/NCB/W/080/081-04 | S.A.N Brothers Nirman Sewa Dhangadhi Kailali | रू. १६,७०,५८९ | |

## माडी गाउँपालिका
## माडी गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा

### सिलबन्दी दरभाउ पत्र आव्हान

पहिलो पटक प्रकाशित मिति २०८०।०९।१६

यस माडी गाउँपालिका, रोल्पा अन्तर्गत निम्न बमोजिमको निर्माण कार्य सिलबन्दी दरभाउ पत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट e-Bid आव्हान गरिन्छ । विस्तृत जानकारी https://bolpatra.gov.np/egp/ मा उपलब्ध छ ।

| खरिद नं. | कामको विवरण | ल.ई. रकम (मु.अ.कर र कन्टेन्जेन्सी सहित) | धरौटी र कम | सिलबन्दी दरभाउपत्र दस्तुर | सिलबन्दी / दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| MRM/WORKS/ SQ/02-2080/081 | घोरनिती जन नमुना हस्पिटल स्तरउन्नती कार्य । | १९१९७३२/९२ | ५०,०००/- | १०००/- | २०८० माघ ०२ गते बिहान ११:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

## Government of Nepal
## Ministry of Energy, Water Resources and Irrigation
## Department of Water Resources and Irrigation
## Bheri Babai Diversion Multipurpose Project
Birendranagar, Surkhet

### Invitation for Sealed Quotation

**[Date of Publication: 2080/09/16]**

1. Bheri Babai Diversion Multipurpose Project (BBDMP) invites sealed quotations from registered Suppliers for the Supply and delivery of distribution transformers.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of BBDMP, Birendranagar, Surkhet , OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Last date of submission of the bid is until 17th January 2024 at 12:00 hours

**Project Director**
**Bheri Babai Diversion Multipurpose Project, Surkhet**

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**१. कम्पनी : FINE FARE FOOD MARKET L.L.C** शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 37 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 51 | 20 | | 2025 | ७३२४४ | | | | | | | |

**२. कम्पनी : SPINNEYS ABU DHABI LLC** शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 236 | 35 | स. काममा दक्ष | 2025 | ७३२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २३ र २४ गते (8 & 9 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको, COOK, BARISTA, DELI/BAKERY र BUTCHER को हकमा ३५ वर्ष सम्मको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER, BUTCHER. सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।

**नोटः प्रि तथा फाइनल अन्तर्वार्तामा आउँदा आफ्नो बायो डाटा, अनुभव, राहदानी र शैक्षिक प्रमाण पत्रको प्रतिलिपी लिई उपस्थित हुनुहोला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नुहोला । ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही हाइट, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866 298734.

## साउदीमा रोजगार

कम्पनीः RUKN AL-RAFAQ CONTRACTING EST
शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३९४ L.T. No.:297446

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष २३ गते (8 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SPEED EMPLOYMENT SERVICE PVT. LTD. WE HELP YOU TO GROW
**सिपड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि.**
इजाजत पत्र नं. ४५३/०६०/०६१
सामाखुसी, काठमाडौं, नेपाल फोनः ४३६०८३८
Mobile: 981-2552556,985-1012017

## मलेसियामा रोजगार

कम्पनी : Nam Lee Pressed Metal Sdn. Bhd.
शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६५७१ LT. No.: 291203 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
